**भानु नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फुलेटार, तनहुँ**

**गण्डकी प्रदेश, नेपाल**

**२०७३**




पत्र संख्या : २०८१/०८२

चलानी नं :-...........

मिति : २०८१/०८/२०

## वहुउदेश्यीय नर्सरी स्थापना कार्यक्रम सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशन भएको मिति २०८१/०८/२०**

प्रस्तुत विषयको सम्वन्धमा यस भानु नगरपालिका कृषि विकास शाखाको आ.व २०८१/०८२ को वार्षिक स्विकृत वहुउदेश्यीय नर्सरी स्थापना कार्यक्रम संचालन गर्न इच्छुक भानु नगरपालिका भित्रका कृषि फर्म/कम्पनी,कृषक समुह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिवाट ३० दिन भित्र (२०८१/०९/१९ गते सम्म) तोकिएको ढाँचामा कार्यक्रम प्रस्तावना सहित तपसिल बमोजिम आवश्यक कागजात संलग्न राखी कार्यालय समय भित्र कृषि विकास शाखामा निवेदन पेश गर्नु हुन सम्वन्धित जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ।

| क्र.स | कार्यक्रमको नाम | अनुदान प्रतिशत | मापदण्ड | क्रियाकलाप |
|---|---|---|---|---|
| १. | वहुउदेश्यीय नर्सरी स्थापना कार्यक्रम | कार्यालयले नर्सरी सम्वन्धी पुर्वाधार निर्माण र यान्त्रीकरणमा अधिकतम ५०% र अन्य क्रियाकलापमा अधिकतम ७५% सम्म अनुदान दिन सकिनेछ। | (क) सम्वन्धित बालीको नर्सरी उत्पादनका लागी भौगोलिक तथा हावापानीको हिसाबले उपयुक्त स्थानमा नर्सरी स्थापना गर्नुपर्नेछ।<br>(ख) नर्सरी स्थापनाका लागी नर्सरी व्यवस्थापन तथा विरुवा उत्पादन सम्बन्धी तालिम लिएको व्यक्तीलाई प्राथमिकता दिईनेछ।<br>(ग) कृषि विषय अध्ययन गरि नर्सरी स्थापना गर्न चहाने व्यक्तिलाई प्राथमिकता दिईनेछ।<br>(घ) नर्सरी स्थापना गर्दा नर्सरीको क्षेत्रफल कम्तिमा १ रोपनिको हुनुपर्नेछ। | (क) सेड हाउस निर्माण,प्लास्टिक, हाउस भित्र सिचाई पुर्वाधार,<br>(ख) माउबोट, रुटस्टक विउ/बेर्ना खरिद,<br>(ग) नर्सरी बिरुवा खरिद,<br>(घ) माटो व्यावस्थापन,<br>(ङ) मल,<br>(घ) वाली संरक्षण,<br>(ङ)सिचाई(पाईप,स्प्रिङ्कल,हजारि,थोपा सिचाई,पोखरी लगायत किसानका माग र आवस्यकताका आधारमा आवस्यक सवै नविनतम प्रविधिहरु)<br>(च) नर्सरी औजार, उपकरण<br>(ज)स्थानिय माग र आवस्यकताका आधारमा अन्य क्रियाकलापहरु गर्न सकिने। |

नि. प्रमुख प्रशासकीय अ




9856005111Email: info@bhanumun.gov.np/bhanumunicipality@gmail.com Website: www.bhanumun.gov.np

आवश्यक कागजातहरु

१.तोकिएको ढाँचामा निवेदन र निवेदकको परिचय खुल्ने कागजात,

२.सस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी तथा नविकरणको प्रतिलिपी,

३.कार्यसमितिको निर्णयको प्रतिलिपी,

४.संस्थाको लेखा परिक्षणको प्रतिलिपी तथा कर चुक्ता भएको प्रतिलिपी,

५.कार्यक्रम संचालन हुने स्थान/जग्गाको स्वामित्व खुल्ने कागजात वा जग्गा भाडामा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र,

६.वडा कार्यालयको सिफारिस

७.व्यावसायीक योजना/समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र र लागत साझेदारीको प्रतिवद्वता,

८.आयोजना सम्बन्धी अन्य कागजातहरु।

२०७९।०८।२०

नि. प्रमुख प्रशासकीय अ